"शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ, स्वस्थ र समुन्नत वीरेन्द्रनगर"

# वीरेन्द्रनगर नगरपालिका कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

(प्रशासन शाखा)

☎ ५२०१४४
५२१२९३
५२०७५०

पत्र संख्या: ०७२।०७३

चलानी नम्बर: १६८८

मितिः २०७२।०६।२४

श्री संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय

नगरपालिका व्यवस्था शाखा

सिंहदरबार, काठमाण्डौं ।

विषयः प्रतिवेदन पठाएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका कार्यालयको आ.व. ०७१।०७२ को बार्षिक प्रगती समिक्षा कार्यक्रम मिति २०७२।०६।१३ गते सम्पन्न गरि सो को प्रतिवेदन यसै पत्र साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

..............................

प्रकाश पौडेल

प्रशासन तथा अनुगमन अधिकृत

# आ.व. ०७१।०७२ को बार्षिक प्रगति समिक्षा कार्यक्रमको प्रतिवेदन

मितिः २०७२।०६।१९

## १. पृष्ठभुमिः

स्थानिय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६, स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले निर्दिष्ट गरे बमोजिम र :ऋए: कार्यविधी २०७० मा भएको व्यवस्था बमोजिम स्थानिय निकायले बार्षिक रुपमा गरेका गतिविधीहरुको सरोकारवालाहरुका विच आ.व. ०७१।०७२ को बार्षिक प्रगती समिक्षा कार्यक्रम संचालन गरी सोहि मा आधारीत भई यो प्रतिवेदन तयार गरिएको छ ।

## २. कार्यक्रमको उद्देश्यः

समीक्षा कार्यक्रमको तपशिल बमोजिमको उद्देश्य रहेको थियो ।

क) आ.व. ०७१।०७२ मा न.पा. कार्यालयले गरेको गतिविधीहरुको जानकारी गराउने ।

ख) सहभागिहरुको प्रतिक्रिया र सुझावहरु लिने एवं चालु आ.व. ०७२।०७३ का कार्यक्रम संचालनका लागि मार्ग दर्शन प्राप्त गर्ने ।

**३. कार्यक्रम संचालन भएको मिति, समय र स्थानः** २०७२ साल आश्विन १३ गतेको दिन नगरपालिका सभा कक्षमा दिनको १:३० बजे कार्यक्रम संचालन गरिएको थियो ।

**४. कार्यक्रमका सहभागिहरुः** जिल्लामा क्रियाशिल राजनितीक दलका नगर स्तरिय प्रतिनिधीहरु, वडा नागरिक मञ्चका संयोजक, उप संयोजक एवं सदस्य, छापा पत्रकार, रेडियो पत्रकार र टेलिभिजन पत्रकारहरुको सहभागिता रहेको थियो । उपस्थितीको समावेशी विवरण यस प्रकार छ ।

| लैंगिक | | जातिगत | | | जम्मा |
|---|---|---|---|---|---|
| महिला | पुरुष | दलित | जनजाती | अन्य | |
| ४४ | ३४ | १३ | १३ | ५२ | ७८ |

**५. प्रस्तुतीः** बार्षिक प्रगती समिक्षा कार्यक्रममा शहरी योजना शाखा प्रमुख व.ई. श्री जनक बहादुर शाहीले योजना प्रगती विवरण, प्रशासन तथा अनुगमन अधिकृत श्री प्रकाश पौडेलले सामाजिक र प्रशासनिक प्रगती विवरण, आर्थिक प्रशासन शाखा प्रमुख श्री रामदत्त सापकोटाले आर्थिक प्रगती विवरण प्रस्तुत एवं कार्यकारी अधिकृत श्री बालाराम शर्माले समग्र प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

**६. सहभागिको प्रतिक्रिया र सुझावः** कार्यक्रममा सहभागिहरुद्धारा तपशिलका प्रतिक्रिया र सुझावहरु प्राप्त भएको थियो ।

क. योजना छनौट र स्वीकृत गर्ने बेलामा योजनाको औचित्य हेर्नुपर्ने ।

ख. नगर क्षेत्र विस्तार भएकाले पायक पर्ने स्थानमा वडा सचिवालय राख्नुपर्ने ।

ग. नगर परिषद्‌मा सम्पुर्ण वडा नागरिक मञ्चका संयोजकहरुलाई सहभागि गराउनु पर्ने ।

घ. नगरको विस्तारित क्षेत्रमा टोल विकास संस्था गठन गर्नुपर्ने ।

ङ. खुला दिशा मुक्त क्षेत्र घोषणा पश्चात वडामा त्यसको प्रभावकारी अनुगमन र सरसफाईका गतिविधीहरु संचालन गर्नुपर्ने ।

च. सार्वजनिक जग्गामा अव्यवस्थित बसोबास बढ्दै गएको हुंदा सो को नियन्त्रणको लागि पहल गर्नुपर्ने

कार्यकारी अधिकृत

छ. बार्षिक प्रगती समिक्षा कार्यक्रम संचालन गर्नुभन्दा १ हप्ता अगाडी सो कार्यक्रममा प्रस्तुत गरिने विषय बस्तुको पुस्तीका तयार गरि कार्यक्रमका सहभागिहरुलाई उपलब्ध गराउनुपर्ने ।

ज. सेवालाई प्रभावकारी गराउन हेल्प डेस्कको व्यवस्था गर्नुपर्ने ।

झ. चोक/टोल बस्तीको फोहोर समयमै उठाई फोहोरको व्यवस्थापन गर्नुपर्ने ।

ञ. सडक बत्ति घर संख्याको आधारमा नभएर सडकको आधारमा व्यवस्थापन गर्नुपर्ने ।

ट. नगरले बर्षमा १ वटा नमुना कार्य गर्नुपर्ने ।

ठ. नगरपालिका बार्षिक योजना कार्यक्रम पुस्तीका समयमै वडा नागरिक मञ्च र टोल विकास संस्थालाई उपलब्ध गराउनुपर्ने ।

ड. नगरपालिकामा कर्मचारीको अभाव भएको हुंदा कर्मचारीहरु व्यवस्थापन गर्नुपर्ने ।

ढ. आयोजना निर्माण गर्ने क्रममा प्राविधिकहरुको अनुगमनमा कमी ।

**७. कार्यक्रमको निचोड एवं निर्णयहरुः** प्रगति समिक्षा कार्यक्रममा सहभागिहरुले दिएका प्रतिक्रिया र सुझावहरुलाई न.पा. कार्यालयले सकरात्मक रुपमा लिंदै उठेका जिज्ञासाहरु माथि आ.प्र. शाखा प्रमुख अधिकृत श्री रामदत्त सापकोटा, प्रशासन तथा अनुगमन अधिकृत श्री प्रकाश पौडेल, वरिष्ठ ईन्जिनियर श्री जनक बहादुर शाहीले शाखागत रुपमा र कार्यकारी अधिकृत श्री बालाराम शर्माले समग्र संस्थागत रुपमा प्रष्ट्याउदै कार्यकारी अधिकृत सहित न.पा. को सम्पुर्ण जिम्मेवार शाखा, उपशाखा प्रमुखहरु र न.पा. को योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागी हुने सम्पुर्ण पक्षले निम्न सुझावहरुलाई ग्रहण गर्दै चालु आ.व. को कार्यक्रम कार्यान्वयन र आगामी आ.व. को योजना तर्जुमा मा सहभागिहरुले दिएका सुझावहरुलाई कार्यान्वयन गर्ने प्रतिवद्धता र निर्णय समेत गरिएको थियो ।

<u>निम्नः</u>

क. परिषद्बाट स्वीकृत आयोजनाहरु वडा नागरिक मञ्चको बैठकमा जानकारी गराउने ।

ख. न.पा. को TLO गठनको प्रक्रियालाई यथासिघ्र सबै वडामा पु¥याउने ।

ग. आगामी नगर परिषदमा बढि भन्दा बढि वडा नागरिक मञ्चको संयोजकहरुको सहभागिता गराउने ।

घ. नगर भित्रका स्वास्थ्य संस्था र विद्यालय संचालनमा विगतमा साविकका गा.वि.स. बाट भएको सहयोगको निरन्तरता सम्बन्धमा छलफल गरि उचित निकास निकाल्ने ।

ङ. आगामी प्रगति समिक्षामा बर्ष भरी गरेको प्रगतिलाई पुस्तकका रुपमा प्रकाशन गरि सहभागीहरुलाई वितरण गर्ने ।

च. खुला दिशा मुक्त क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि सबै वडामा कार्यक्रम संचालन गर्ने ।

छ. चोक बस्तीको फोहोर व्यवस्थापनमा विशेष ध्यान दिने ।

ज. हेल्प डेस्क राखि न.पा. को सेवालाई गुणस्तरिय गराउने ।

झ. स्वीकृत दरवन्दी अनुसारका पदहरु न.पा. को श्रोतका आधारमा उच्च प्राथमिकता सहित पदपुर्ती गर्ने ।

ञ. आयोजना निर्माणको क्रममा प्राविधिक अनुगमनमा विशेष निगरानी बढाउनुपर्ने ।

प्रतिवेदन तयारकर्ता
निर्मला भट्टराई

प्रतिवेदन स्वीकृतकर्ता
बालाराम शर्मा

# वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेत

*आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रगति*

**प्रस्तोता**


**बालाराम शर्मा**

**प्रमुख एवं कार्यकारी अधिकृत**










## आ.व. ०७१।०७२ को आइ व्यइ ीव्वरण

| शिर्षक | आम्दानी | खर्च | बाकी | फिज | प्रगती |
|---|---|---|---|---|---|
| स्था.वि शुल्क | ११०१०००० | ११०१०००० | ० | ० | १०० |
| स.पा. अनुदान | ११४३६१००० | १०८२२१२४९ | ६१३९७५१ | ० | ९८.५२ |
| एल.जि.सि.डि.पि | ८४२११६०० | ८०४४४८७ | ० | ३७७११३ | ९५.५२ |
| जनेडा कोष लगायत सहभागीता मंडल | २१७२०२२७ | २१७२०२२७ | ० | ० | १०० |
| सडक बोर्ड | १३५०००० | ९८४६७४ | ३६५३२६ | ० | ७२.९४ |
| आन्तरिक आय | ४२६३१०८८ | ४१३४७०९४ | ० | ० | १०० |
| राजस्व | १९५४८१६२ | १९५४८१६२ | | ० | १०० |
| जम्मा | २११०४२०७७ | २१८८७५८९३ | ६५०५०७७ | ३७७११३ | |

## आ.व. ०७१।०७२ को .........

| शिर्षक | जम्मा बजेट | जम्मा खर्च | बाकी | फिज | प्रगति |
|---|---|---|---|---|---|
| चालु | ४३५४०६०० | ३४६८५०३४ | ० | ० | ७९.६६ |
| पुँजिगत | १७५५०१४७७ | १६९७५२४१३ | ० | ७७२४४४० | ९६.६६ |
| जम्मा | २११०४२०७७ | २०४४३७४४७ | ० | ७७२४४४० | |
| सामाजिक सुरक्षा,चालु वर्षमा निकासा | २४७४१६०० | २४५२०८०० | ० | २२०८०० | ९९.१२ |
| कुल जम्मा | २४३७८३६७७ | २२८९५८२४७ | ६५०५०७७ | ८१०१५५३ | ० |

**सामाजिक विकास शाखातर्फ**
**लक्षित वर्ग, सामाजिक समावेशीकरण तर्फ**

| लक्षित समुह (वर्ग) | विनियोजित रकम | खर्च रकम | लाभान्वित संख्या | खर्च प्रतिशत |
|---|---|---|---|---|
| बालबालिका लक्षित | 3000000 | 2691400 | 3715 | 89.71 |
| महिला लक्षित | 3000000 | 2655000 | 2062 | 88.50 |
| दलित, आ.ज., मधेसी मुस्लिम, पिछडावर्ग आदि | 4550000 | 4077000 | 2832 | 89.60 |
| जम्मा : | १०५५०००० | ९४२३४०० | ४७८२ | ८९२७ |

| वर्ग | पूर्वाधार विकास | | आर्थिक तथा सिप विकास | | संस्थागत /क्षमता विकास | | जम्मा आयोजना | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती |
| महिला लक्षित | ४ | ४ | १० | १४ | १५ | १४ | २९ | ३२ |
| बालबालिका लक्षित | १९ | २४ | | | २३ | २२ | ४२ | ४६ |
| अन्य लक्षित | १० | १५ | ११ | ११ | २७ | ३६ | ४८ | ६२ |
| जम्मा : | ३३ | ४३ | २१ | २५ | ६५ | ७२ | ११९ | १४० |

**सामाजिक विकास शाखा**
**प्रर्वद्धनात्मक तर्फ**

| कार्यक्रम शिर्षक | विनियोजित रकम | खर्च रकम | कार्यक्रम | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगती | |
| प्रर्वद्धनात्मक विशेष | 3105000 | 2289200 | 19 | 16 | 73.73 |
| सफा र सुन्दर नगर विकाश योजना तथा कार्यक्रम | 6135000 | 5700000 | 53 | 57 | 92.90 |

**साझेदारी विकास कोषबाट गरीब निवारणका लागि कर्जा लगानी अवस्था**
**आय व्यय विवरण आ.व. २०७१।०७२**

| क्र.सं. | लाभान्वित वर्ग | लक्ष्य | | प्रगती | | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | उद्यम | रकम | उद्यम | रकम | |
| १ | दलित | ४३ | १६८०००० | ४४ | १४८०००० | १२९ |
| २ | जनजाति | २७ | १४००००० | २१ | ७५०००० | ९९ |
| ३ | विपन्न महिला | ५३ | १९००००० | ७५ | २५८५००० | १८९ |
| ४ | अन्य विपन्न | २६ | ८५०००० | ८ | ४२५००० | २१ |
| जम्मा | | १४९ | ५८३०००० | १४८ | ५२४०००० | ४३८ |

सावाँ फिर्ता : ४३७६३२८।००
ब्याज असुली : ६३६२९०।००

## बेरुजुको अवस्था

| आर्थिक वर्ष | बेरुजु | अवस्था |
|---|---|---|
| आ.व. २०६९-७० | सम्मको कूल फर्छयौट | बेरुजु नभएको |
| आ.व. २०७०-७१ | सम्मको कूल बेरुजु | बेरुजु नभएको |
| आ.व. २०७१-७२ | फर्छयौट रकम र प्रतिशत | बेरुजु नभएको |

### पेश्की बेरुजु अवस्था

| पेश्की विवरण | केन्द्रीय अनुदान तर्फ | आन्तरिक स्रोत तर्फ | जम्मा |
|---|---|---|---|
| आ.व. २०७०-७१ सम्मको बाँकी | ० | ४,८०६.६३ ।- | ४,८०६.६३।- |
| आ.व. २०७१-७२ सम्मको बाँकी | ० | ५,७५३.८६ ।- | ५,७५३.८६ ।- |

## सामाजिक सुरक्षा भत्ता

| विवरण | संख्या | लगत कट्टि | वितरित रकम (रु हजारमा) | गएको पेश्कि | फ्रिज रकम (रु हजारमा) |
|---|---|---|---|---|---|
| जेष्ठ नागरीक | २१८२ | १०९ | ८२९२ | ८७२८ | ४३६ |
| जेष्ठ नागरीक उपचार खर्च | २११४ | १०९ | ४०१० | ४२२८ | २१८ |
| एकल महिला | २१४७ | ९ | ८५५२ | ८५८८ | ३६ |
| लोपोन्मुख | ८९ | - | ७१२ | ७१२ | - |
| अशक्त अपांङ्ग | ९० | ३ | ६२३ | ६४७ | २४ |
| बाल संरक्षण | ११४९ | - | १८३८ | १८३८ | - |

## भौतिक प्रगति

| स.नं. | क्षेत्र | सुचक | ईकाई | गत आव २०७०-७१ सम्म सम्पन्न (परिमाण) | आ.व २०७१-७२ मा थप गरिएको (परिमाण) | निर्माणाधिन (परिमाण) | हालसम्म लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सडक | माटे सडक | किमि | ७.६१२ | १३.०२९ | | १५००० |
| | | ग्राभेल | किमि | १.५८५७ | २४.२९६ | | ३५००० |
| | | कालो पत्रे | किमि | २.४०६ | ५.०४७ | | २५००० |
| | | मर्मत सम्भार (आकस्मिक\ नियमित) | किमि | | | | |
| २ | खानेपानी | खानेपानी योजना | संख्या | १ | १ | | ५०० |

## भौतिक प्रगति

| सि.नं. | क्षेत्र | सुचक | ईकाई | गत आव २०७०-७१ सम्म सम्पन्न (परिमाण) | आ.व २०७१-७२ मा थप गरिएको (परिमाण) | निर्माणाधिन (परिमाण) | हाल सम्म लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | आवास | गाविस भवन | संख्या | | १ | | ४००० |
| | | उप-स्वास्थ्य चौकी | संख्या | २ | | | |
| | | विध्यालय भवन | संख्या | | २ | | ३००० |
| | | बर्थिङ्ग सेन्टर | संख्या | x | x | x | x |
| ३ | झोलुगेंपुल | | वटा | x | x | x | x |
| ४ | सडकपुल | | वटा | x | x | x | x |
| ५ | विद्युतीकरण | विस्तार | कि मी. | x | x | x | x |

### सामाजिक विकास शाखातर्फ
### लक्षित वर्ग, सामाजिक समावेशीकरण तर्फ

| लक्षित समुह (वर्ग) | विनियोजित रकम | खर्च रकम | लाभान्वित संख्या | खर्च प्रतिशत |
|---|---|---|---|---|
| बालबालिका लक्षित | 3000000 | 2691400 | 3715 | 89.71 |
| महिला लक्षित | 3000000 | 2655000 | 2062 | 88.50 |
| दलित, आ.ज., मधेसी मुस्लिम, पिछडावर्ग आदि | 4550000 | 4077000 | 2832 | 89.60 |
| जम्मा : | १०५५०००० | ९४२३४०० | ५७८२ | ८९२७ |

### लक्षित वर्ग, सामाजिक समावेशीकरण तर्फ आयोजना संख्या

| वर्ग | पूर्वाधार विकास | | आर्थिक तथा सिप विकास | | संस्थागत / क्षमता विकास | | जम्मा आयोजना | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती | लक्ष्य | प्रगती |
| महिला लक्षित | ४ | ४ | १० | १४ | १५ | १४ | २९ | ३२ |
| बालवालिका लक्षित | १९ | २४ | | | २३ | २२ | ४२ | ४६ |
| अन्य लक्षित | १० | १५ | ११ | ११ | २७ | ३६ | ४८ | ६२ |
| जम्मा : | ३३ | ४३ | २१ | २५ | ६५ | ७२ | ११९ | १४० |

### साझेदारी विकास कोषबाट गरीब निवारणका लागि कर्जा लगानी अवस्था
### आय व्यय विवरण आ.व. २०७१।०७२

| क.सं. | लाभान्वित वर्ग | लक्ष्य | | प्रगती | | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | उद्यम | रकम | उद्यम | रकम | |
| १ | दलित | ४३ | १६८०००० | ४४ | १४८०००० | १२९ |
| २ | जनजाति | ३७ | १४००००० | २१ | ७५०००० | ९९ |
| ३ | विपन्न महिला | ५३ | १९५००००० | ७५ | २५८५००० | १८९ |
| ४ | अन्य विपन्न | २६ | ८५०००० | ८ | ४२५००० | २१ |
| जम्मा | | १५९ | ५८३०००० | १४८ | ५२४०००० | ४३८ |

सावाँ फिर्ता : ४३७६३३८।००
ब्याज असुली : ६३६२९०।००

## पञ्जिकरण अभिलेख

| विवरण | दर्ता संख्या |
|---|---|
| जन्म दर्ता | २८८३ |
| विवाह दर्ता | ९३६ |
| बसाई सराई दर्ता | ११८४ |
| सम्बन्ध विच्छेद | १५ |
| मुत्यू दर्ता | ५०४ |

## उजुरी गुनासो

| विवरण | जम्मा संख्या | फर्छ्योट संख्या | बाँकी |
|---|---|---|---|
| अ.दु.अ.आ.का उजुरीहरु | ८ | ० | ८ |
| हेलो सरकारको उजुरीहरु | ० | ० | ० |
| सतर्कता केन्द्रको उजुरीहरु | ० | ० | ० |
| अन्य गुनासो\ उजुरीहरु | २८ | २४ | ४ |
| कुल जम्मा | ३६ | २४ | १६ |

उजुरी फछर्यौट प्रतिशत: ६६.६७ %

## उल्लेखनीय / अनुकरणीय कार्यहरु

१.फोहर व्यवस्थापनमा निजी क्षेत्रको परिचालन।
२.फोहर व्यवस्थापनको लागि सेग्रीगेसन सेन्टर स्थापना र सञ्चालन।
३.कृषिमा मानव मलमुत्रको प्रयोग।
४.सूचना प्रवाहका लागि सामाजिक सञ्जाल फेसबुकको प्रयोग (www.facebook.com/birendranagarmun) ; यसको माध्यमबाट बाढी प्रभावितहरुका लागि रु. १ लाख सहयोग
५.वीरेन्द्रनगर नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा
६.सुकुम्बासी बस्तीमा कोठाभित्रै शौचालय बनाउन प्रेरित भएको।
७.वीरेन्द्रनगर नगरपालिकालाई साक्षर र अनिवार्य आधारभूत शिक्षा प्रदायक नगर घोषणा

- नगरपालिकाका सबै वार्डमा वडा नागरिक मञ्च गठन भएको छ तथा सबै वार्डहरुमा संचालन गरिएका प्रत्यक योजनाहरुको सार्वजनिक सुनवाई आफ्नै अगुवाईमा गरिएका छन् यस आ.व.मा मात्र कुल ८३, योजनाहरुको सार्वजनिक सुनुवाई गरिएको छ
- आम जनमास समक्ष यस कार्यालय मार्फत भएका र हुन लागेका गतिविधिहरु रेडियो कार्यक्रम सुसूचित नागरिक पारदर्शी नगरपालिका प्रशारण भईरहेको छ ।
- विभिन्न खाले अभियान संचालनमा नागरिक सचेतना केन्द्रका सहभागिहरुको सक्रियता भएको
- गुनासो सुनुवाईलाई प्रभावकारी बनाइएको छ । गुनासो कार्यान्वयनलाई चुस्त-दुरुस्त राख्नका लागि अनलाईनै गुनासोको तथा Hello Birendranagar Municipality- Facebook Page को निर्माण तथा सञ्चालन
- सूचनासम्बन्धी हकलाई ध्यानमा राखी सूचना माग फारम तथा अडियो नोटिस बोर्डको स्थापना
- नगर क्षेत्र भित्र बिभिन्न टोल विकास संस्थाहरु गठन भई ती संस्थाहरु बाट योजना कार्यान्वयनको काम शुरु भएको छ ।
- यस न।पा।लाई बालमैत्री बनाउने लक्ष्यका साथ काम थालिएकोछ । योजना छनौट देखि हरेक प्रकयामा बालबालिकाहरुको सहभागीतालाई सुनिश्चित गरिएको छ । साथै बाल क्लवहरु गठन भई सक्रिय रहेका छन् । वालक्लवहरुद्धारा अन्तराष्ट्रिय वालश्रमको अवसरमा अन्तरविद्यालय हाजिरी जवाफ प्रतियोगिता पनि सम्पन्न भएको छ ।
- फोहोर मैला व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निजी क्षेत्रले व्यवस्थापन गर्दै आएको छ ।

सूचना प्रवाहका लागि सामाजिक सञ्जाल फेसबुकको प्रयोग (www.facebook.com/birendranagarmun) ; यसको माध्यमबाट बाढी प्रभावितहरुका लागि रु. १ लाख सहयोग
बाढी प्रभावित विध्यार्थीहरुलाई स्वीटर वितरण कार्य गरिदैं





### फोहर व्यवस्थापनको लागि सेग्रीगेसन सेन्टर स्थापना र सञ्चालन





### सुकुम्बासी बस्तीमा कोठाभित्रै शौचालय बनाउन प्रेरित भएको





## कौसी खेती




वीरेन्द्रनगर नगरपालिकाको संयुक्त वडा (वडा नं. ११, १२, १३ र १४) कार्यालयमा वडाबासीहरुलाई करदाता शिक्षा कार्यक्रम

मिति २०७२।०३।२१




वीरेन्द्रनगर नगरपालिकाका कर्मचारी, वडा सचिव तथा सामाजिक परिचालकहरुबीच लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता तथा समावेशीकरण परीक्षण सम्बन्धि गोष्ठी।

मिति २०७२।०३।०३



वीरेन्द्रनगर नगरपालिकालाई मिति २०७२ साल जेष्ठ २८ गते खुल्ला दिसा मुक्त क्षेत्र घोषणा कार्यक्रम




मिति २०७२।०२।१८ गते साक्षर र अनिवार्य आधारभूत शिक्षा प्रदायक वीरेन्द्रनगर नगरपालिका घोषणा कार्यक्रम




वीरेन्द्रनगर नगरपालिकामा कर्मचारीहरुलाई सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम


मिति २०७२।०२।१३ गते सम्पन्न




वीरेन्द्रनगर नगरपालिकाको आयोजनामा बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम
मिति २०७२।०२।०८ गते सम्पन्न



वीरेन्द्रनगर नगरपालिकाको दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०७१।११।२९ गते दिनको २:३० बजे संयुक्त वडा कार्यालय वडा नं ११ जर्वुटामा सम्पन्न



" वीरेन्द्रनगरको सरसफाईमा हाम्रो सहभागिता अभियान-२०७१" को कार्यक्रम शुभारम्भ घोषणा -याली
मिति २०७१।११।०७



वीरेन्द्रनगर नगरपालिका कार्यालय, NDRI प्रा.लि. र SNV नेपालको आयोजनामा मिति २०७१ माघ १४ गते नगर सरसफाई योजना (City Sanitation Plan) तर्जुमाका लागि अभिमुखिकरण कार्यशाला गोष्ठी ।





## प्रमुख समस्याहरु र समाधानका लागि गरेका प्रयासहरु

१. सबै वडाहरुमा सडक गुरुयोजना नभएको (विस्तारित क्षेत्रमा) : मन्त्रालयमा अनुरोध ।
२. गुरुयोजनामा भएका सडकहरुको पनि लगतकट्टा नभएको । : सहरी नापी सम्चालनका लागि पहल र सहकार्य गरेको तर प्रभावकारी नभएको ।
३. विध्युत, खानेपानी, टेलीफोनको लाईन सडकमा पर्ने, यी निकायहरुले लाईन राख्दा सडक छुट्याई नराखेको , हटाउन लगाउंदा बजेट नभएको जानकारी दिने गरेको ।
४. दमकल नभएको : मन्त्रालयमा थप अनुदानको लागि अनुरोध
५. सडक वोर्डको रकम ढिलो निकासा हुने गरेको : एउटा योजना उपभोक्ता समितिबाट गराइएको ।
६. लागत सहभागितामूलक योजनाहरुमा प्रत्यक्ष लागत सहभागिता नहुने गरेको : उपभोक्ताहरुलाई लागत सहभागिता गराउन प्रयास गरेको ।
७. ल्याण्डफिल्ड साईटको जग्गा प्राप्ति, निर्माण कार्य गर्दा समस्या : जग्गा प्राप्तिकालागि वन विभागमा फाईल पेश, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा यो योजना राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका रुपमा राख्न पत्राचार गरिएको ।
८. नगरभित्र अन्य सरकारी निकायले काम गर्दा नगरपालिकासँग समन्वयको कमी (काम विगार्ने अरु दोष नगरपालिकालाई पर्ने गरेको ) : समन्वयको प्रयास गरिएको तर सफल नभएको ।
९. स्थानीय निकायका कर्मचारीहरुको लागि क्षमता विकासको लागि प्रभावकारी तालिमको व्यवस्था नभएको ।

## मन्त्रालयसंग राखेका अपेक्षाहरु

१. ल्याण्डफिल साईट, बसपार्क जस्ता नगरपालिकाका प्रमुख आयोजनाहरुमा मन्त्रालयले विशेष चासो राखी आवश्यक सहजीकरण गरिदिनुपर्ने ।
२. दमकल खरिदको लागि आवश्यक रकम उपलब्ध गरिदिने ।
३. कार्यालय भवन पुरानो जीर्ण भएकोले पुन: निर्माणको लागि रकम उपलब्ध गराइदिने ।
४. संघीय सिमांकनको आन्दोलनको क्रममा नगरपालिकाको सवारी साधनहरु(जीप,टिप्पर,लोडर मोटरसाइकल) मा आगजनी गरी पूर्ण रुपमा क्षति पुर्याएकाले सोको क्षतिपुर्तिका लागि पहलका साथै यी साधनहरु खरिद गर्न थप अनुदानको व्यवस्था हुनुपर्ने ।
५. समग्र नगरविकास योजना निर्माणमा सहयोग हुनुपर्ने ।
६. यस नगरमा तीनवटा गा.वि.स (१२ वडा) थपिएकोले सोको व्यवस्थापन गर्न नगरपालिकाको आन्तरिक श्रोतले मात्र सम्भव नभएकोले यी क्षेत्रमा सहरी सुविधा विस्तारकालागि थप चालु र पूँजीगत अनुदानको व्यवस्था गर्नुपर्ने ।
७. नगरपालिकाको कर्मचारीहरुलाई वार्षिक रुपमा सेवाकालिन तालिमको व्यवस्था गरिनुपर्ने ।

- मिति २०७२ साल श्रावण २५ गते अन्दाजी १ बजेको समयमा अखण्ड मध्यपश्चिम र संघीय राजधानी सुर्खेतमा हुनु पर्ने नाराबाजी गर्दै हिडेका आन्दोलनकारीहरुले वीरेन्द्रनगर नगरपालिका कार्यालयको भवन, साधन, कागजातहरुमा आगजनी तथा तोड्फोड गरी क्षति पु-याएको




## PERFORMANCE CONTRACT को SELF ASSESSMENT

| सम्पन्न गरेका कार्यहरु | चालु अवस्थामा रहेका कार्यहरु | गर्न नसकिएको कार्यहरु |
|---|---|---|
| १. पशु वधशालाको व्यवस्थापन | १.वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन | १. भू-उपयोग योजना |
| २. न्युनतम कार्य शर्तको कार्यान्वयन | २. राष्ट्रिय भवन संहिता कार्यान्वयन | २. Land Polling कार्यक्रम |
| ३. बढ़ा नागरिक मञ्चको विस्तार | ३. खुल्ला क्षेत्र घोषणा | ३. Retrofitting योजना सञ्चालन |
| ४. टोल सुधार समिति/ ना.स.के को गठन र विस्तार | ४. सडक मापदण्ड निर्धारण (Right of way) | ४. दमकलको व्यवस्था |
| ५. एकीकृत सम्पत्तिकर लागु भएको | ५. सडक बत्तीको व्यवस्थापन | ५. कार्यसम्पादन मापनको कार्यान्वयन |
| ६. व्यवसाय कर तिर्ने करदाता र कर रकममा वृध्दि | ६. नगर यातायात गुरुयोजना तयार | ६. पेश्की शून्य तथा बेरुजु ७० प्रतिशतले घटेको |
| ७. घडान कर तिर्ने करदाता र कर रकममा वृध्दि | ७. Home Stay कार्यक्रम सञ्चालन | ७. प्रोदभावी लेखा प्रणाली कार्यान्वयन |
| ८. २० प्रतिशतले आन्तरिक आय बढेको | ८. बालमैत्री स्थानीय शासन कार्यान्वयन | ८. E-Building Permission System कार्यान्वयन |
| ९. ई-सार्वजनिक कार्यान्वयन (रु. ६० लाखभन्दा माथीकोमा) | ९. दमकल पुग्न सक्नेगरी चढायामा सडक विस्तार | ९. भष्ट्राचारमा शून्य सहनशीलता |
| १०. अन्ला शाखावीच इन्टरनेटबाट सूचना तथा जानकारी आदान प्रदान | | १०. समग्र नगर विकास योजना निर्माण |
| ११. सामाजिक सुरक्षाभत्ता वितरण बैंकमार्फत | | ११. सार्वजनिक जग्गाको संरक्षण |
| १२. शहरी स्वास्थ्य क्लिनिक तथा योग/ध्यान केन्द्र सञ्चालन | | १२. Cost Effective Housing को तालिम |
| १३. छाडा पशु चौपाया नियन्त्रण | | १३. Town Hall निर्माण |
| १४. बोटानिकल गार्डेन तथा सार्वजनिक पार्क स्थापना | | १४. भगिनी सम्बन्ध कायम |


## PERFORMANCE CONTRACT क्रमशः

| सम्पन्न गरेका कार्यहरु | चालु अवस्थामा रहेका कार्यहरु | गर्न नसकिएको कार्यहरु |
|---|---|---|
| १५. सामुदायिक विध्यालयमा लैङ्गिक मैत्री शौचालय | | १५. City Civil Code सञ्चालन |
| १६. खुल्ला दिसामुक्त क्षेत्र घोषणा | | १६. एक वस्तु एक नगरको अवधारणा कार्यान्वयन |
| १७. भवन आचारसंहिताको तालिम | | १७. Center of Excellence को लागि कार्ययोजना |
| १८. बालश्रम निषेध गरिएको तथा कमी आएको | | १८. कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता |
| १९. सरसफाई सप्ताह सञ्चालन | | १९. विकास निर्माण सामाग्रीको गुणस्तरको मापदण्ड |
| २०. फोहरमैला ऐन र नियम कार्यान्वयनमा आएको | | |
| २१. View Tower / रङ्गशाला निर्माण भई प्रयोगमा आएको | | |
| २२. ऐतिहासिक क्षेत्रको संरक्षण र उपयोग | | |

Self Assessment (%) : [illegible] ( सामान्य )

## सुशासन र पारदर्शिता सम्बन्धी सूचकहरु

| सूचकहरु | |
|---|---|
| १.गुनासो सुन्ने अधिकारी तोकिएको (नगरपालिका र अधिकारीको नाम समेत) | गुनासो सुन्ने अधिकारी: प्रकाश पौडेल (प्रशासन तथा अनुगमन अधिकृत ) सूचना अधिकारी: भूमिका तारमी (वरिष्ठ सूचना सहायक) |
| २. सार्वजनिक सुनुवाई गरेको संख्या | ३ वटा |
| ३. सामाजिक परीक्षण गरे/नगरेको | १ वटा |
| ४. सार्वजनिक परीक्षण गरेको योजना संख्या: | ३०५ |




गुनासोको लागि हेल्लो वीरेन्द्रनगर नगरपालिका www.facebook.com/hellobirendranagarmun

www.facebook.com/birendranagarmun

birendranagarmun.gov.np

कुनै जिज्ञाशा ?

धन्यवाद !!!